# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २२ फरवरी २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- प्रधानमंत्री लोक प्रशासन उत्कृष्टता पुरस्कार 2024को निम्ति एक हजार पांच सय भन्दा अधिक नामांकन प्राप्त भएको छ।

- केंद्रीय गृह अनि सहकारिता मंत्री अमित शाहले भन्नुभएको छ कि बिगत तीन बर्षहरुमा केंद्र सरकारको प्रयासहरु द्वारा सहकारिता क्षेत्रमा धैरै तीब्रता आएको छ।

- यस वर्ष अन्तरराष्ट्रिय मातृभाषा दिवसको 25औं वर्षगाँठ मनाइँदैछ।

- पहिलो चिया टिपाई अघिनै बोनसको छिनोफानो हुनपर्ने लगायत विविध मागको साथमा आज मिरिक महाकुमा अन्तर्गत घैयाबारी चियाबारीका श्रमिकहरूले यस वर्षको पहिलो चिया टिप्न अस्वीकार गरेका छन् ।

- अलीपुर मौसम विभागका अनुसार, सप्ताहको अन्त्य सम्ममा राज्यको धेरै भागहरुमा तिव्र वर्षा सितै हुरी-बतासको संभावना छ।

****** ० ******

**लोक प्रशासन उत्कृष्टता पुरस्कार**

प्रधानमंत्री लोक प्रशासन उत्कृष्टता पुरस्कार 2024को निम्ति एक हजार पांच सय भन्दा अधिक नामांकन प्राप्त भएको छ। यी पुरस्कार्हरुको उद्देश्य तीन श्रेणिहरुमा लोकसेवकहरुको योगदानलाई मान्यता दिनु हो। यी श्रेणिहरु जिला समग्र विकास, आकांक्षी खंड कार्यक्रम अनि नवाचार हुन्। जिला समग्र विकास अनि आकांक्षी खंड कार्यक्रम श्रेणिहरुमा पांच पुरस्कार प्रदान गरिनेछ। यस बाहेक नवाचार श्रेणीमा ६ वटा पुरस्कार प्रदान गरिनेछ। कार्मिक, लोक शिकायत अनि पेंशन मंत्रालयले भनेको छ कि पुरस्कार्हरुमा भाग लिनको लागि 710 जिल्लाहरुको पंजीकरण गरिएको छ। प्रधानमंत्री नरेन्द्र मोदीले नयाँ दिल्लीमा आगामी 21 अप्रैलको दिन लोकसेवा दिवसको अवसरमा यो पुरस्कार प्रदान गर्नुहुनेछ।

****** ० ******

**अमित शाह- पुणे**

केंद्रीय गृह अनि सहकारिता मंत्री अमित शाहले भन्नुभएको छ कि बिगत तीन बर्षहरुमा केंद्र सरकारको प्रयासहरु द्वारा सहकारिता क्षेत्रमा धैरै तीब्रता आएको छ। पुणेमा जनता सहकारी बैंकको प्लेटिनम जुबली समारोहलाई संबोधित गर्दै उहाले भन्नुभयो कि मोदी सरकारले देशको सहकारिता क्षेत्रलाई नयाँ नया आयाम दिएको छ। श्री शाहले भन्नुभयो कि सेंट्रल रजिस्टर कोऑपरेटिव सोसाइटी को पहिलो क्षेत्रीय कार्यालय पुणेमा खोलीने छ। उहाले भन्नुभयो - देश भरिकै सहकारी बैंकहरुलाई वित्तीय समस्याहरुबाट बाहिर निकाल्न सहयोग गर्नको लागि एक अम्ब्रेला संगठनको गठन गरिएको छ अनि यो संगठनले सबै सहकारी बैंकहरुलाई बलियो बनाउने काम गर्नेछ। केंद्रीय गृह मंत्रीले यसभन्दा पुर्ब पुणेमा पश्चिमी क्षेत्रीय परिषदको 27ओ बैठकको अध्यक्षता गर्नुभयो। उहाले सहकारी बैंकहरु सित काम-काज मा प्रौद्योगिकीलाई अपनाउने आग्रह गर्नुभएको छ। यस अवसरमा मुख्यमंत्री देवेन्द्र फड़नवीस, उपमुख्यमंत्री अजीत पवार अनि एकनाथ शिंदे, केंद्रीय नागरिक उड्डयन राज्य मंत्री मुरली धर मोहोल, उच्च अनि तकनीकी शिक्षा राज्य मंत्री चंद्रकांत पाटिल साथै अन्य गणमान्य व्यक्ति उपस्थित थिए।

****** ० ******

**अन्तरराष्ट्रिय मातृभाषा दिवस**

यस वर्ष अन्तरराष्ट्रिय मातृभाषा दिवसको 25औं वर्षगाँठ मनाइँदैछ। यस अवसरमा हिज कोलकाताको लोरेटो कलेजमा भाषागत विविधता तथा मातृभाषाको महत्वलाई रेखांकित गर्नको लागि विशेष कार्यक्रम आयोजित गरियो । उत्तर-पूर्व भारतको विशेषता यसका अनेक भाषा, उपभाषा औ संस्कृतिहरूको संगम हो, जसले बहुभाषिकता र सांस्कृतिक एकतालाई दर्शाउँदछ। वैश्वीकरणको कारणले केही भाषाहरू विलुप्तिको संघारमा पुगेका छन्, तर भाषा संरक्षण, सांस्कृतिक विरासतको रक्षा, शिक्षाको विकास औ शान्तिपूर्ण समाज निर्माणको लागि यो आवश्यक हुन्छ। यसैलाई मध्यनजर गर्दै कलेजद्वारा यस वर्ष उत्तर-पर्व भारतका भाषागत तथा सांस्कृतिक विविधताको उत्सव मनाइयो जसबाट विद्यार्थीहरूमा भाषा अनि संस्कृतिप्रति सम्मान एवं जागरूकता बढ्नेछ। कार्यक्रमका मुख्य अतिथि साहित्य अकादमीका पूर्व क्षेत्रीय सचिव, विश्वभारती ग्रन्थन विभागका पूर्व अधिकारी औ लेखक रामकुमार मुखोपाध्याय रहेका थिए। उहाँले आफ्नो सम्बोधनमा विलुप्तप्राय भाषाहरूको कारण अनि त्यसका जोखिमहरूलाई रेखांकित गर्नुभयो साथै ती भाषाहरूको पनि उल्लेख गर्नुभयो जो विलुप्त भएपछि पनि मुख्यधारामा फर्किन सफल भएका छन्। यस सन्दर्भमा उहाँले उत्तर-पूर्व भारतका तीनवटा भाषाहरूको विशेष रूपमा उल्लेख गर्नुभयो । कार्यक्रमको विशेष आकर्षण उत्तर-पूर्व भारतका विद्यार्थीहरूको प्यानल रह्यो जसमा असम, सिलहट, नागाल्याण्ड, मिजोरम अनि मणिपुरका पाँचजना विद्यार्थीहरूले भाग लिएका थिए। उनीहरूले आ-आफ्ना क्षेत्रीय भाषाहरूको इतिहास, विविधता, लोक जीवन र मातृभाषामाथि बढ्दो प्रभावमाथि आफ्नो विचार राखेका थिए ।

****** ० ******

NJP रेलवे मजिस्ट्रेट कोर्टको उद्घाटन

न्यू जलपाईगडी रेलवे मजिस्ट्रेट कोर्टको जीर्णोद्धारपछि उद्घाटन गरिएको छ । कलकत्ता उच्च न्यायालयका न्यायाधीश विश्वजीत बोसले आज यसको उद्घाटन गर्नुभयो । जलपाईगडी जिला न्यायाधीश, अरुण किरण बनर्जी अनि एडीआरएम सिद्धार्थ सरदार यस अवसरमा उपस्थित थिए । कलकत्ता उच्च अदालतका न्यायाधीश विश्वजित बोसले अदालतको उद्घाटन पछि पूर्वाधारमा सन्तुष्टि व्यक्त गर्नुभएको छ । बर्ष 1981 मा स्थापना भएको यस अदालतले विभिन्न संरचनागत समस्याको सामना गरिरहेको थियो । त्यसपछि पूर्वाधार विकासको काम सुरु भयो । रेलवे म्याजिस्ट्रेट कोर्टमा टिकटविहीन यात्रासँग सम्बन्धित विभिन्न मुद्दाको सुनुवाइ हुने गरेको बताइएको छ । न्यू जलपाईगडी रेलवे मजिस्ट्रेट कोर्टमा प्रतेक वर्ष २,००० देखि २,५०० मुद्दाहरू दर्ता हुने गर्दछ । मालदादेखि गुवाहटीसम्म सम्बन्धित अदालतमा विभिन्न मुद्दा दर्ता भइरहेको छ ।

****** ० ******

**साइबर क्राइम- सचेतना कार्यक्रम**

सोनादा पुलिस आउट पोष्ट, सोनादा ट्राफिक गार्ड र सलेसियन कलेजको संयुक्त आयोजनामा सोनादाको सलेसियन कलेजमा साइबर क्राइममाथि सचेतना कार्यक्रम सम्पन्न भएको छ। यस अवसरमा सेभ ड्राइभ सेफ लाइफ, ड्रग सचेतना ,पोक्सो र साईबर क्राइममाथि सचेतना कार्यक्रम आयोजना गरिएको छ। विशेष गरेर यस अवसरमा अतिरिक्त जिल्ला पुलिस अधिक्षक देवरा दास, डीएसपी टाउन रामगोपाल मण्डल, सर्कल इन्स्पेक्टर पार्थ साराथीचन्द्र, सलेसियन कलेजका उप प्राचार्य ब्रदर जोस आदिले साइबर क्राइम, ड्रग, पोक्सो, सेफ ड्राइभ सेफ लाइभ विषयमा सचेतना गराएका थिए। यसको साथै विद्यार्थीहरुका लागि विभिन्न विषयमा सचेतना कार्यक्रम आयोजना गरिएको थियो ।

****** ० ******

**घैयाबारी चियाबारी श्रमिकहरू**

पहिलो चिया टिपाई अघिनै बोनसको छिनोफानो हुनपर्ने ,न्युनतम मजदुरी एंन लागू गरिनु पर्ने लगायत विविध मागको साथमा आज मिरिक महाकुमा अन्तर्गत घैयाबारी चियाबारीका श्रमिकहरूले यस वर्षको पहिलो चिया टिप्न अस्वीकार गरेका छन् । आज चियाबारीमा प्रबन्धन पक्षले वर्षको पहिलो चिया टिप्ने निर्देश जारी गरे पनि श्रमिकहरूले चिया टिप्न मानेनन्। यस विषयमा चिया श्रमिकहरूले आफुहरु प्रत्येक वर्ष बोनसको समयमा सडकमा निस्किनु पर्ने साथै श्रमिक भवन धाउनु पर्ने बताए । तर यसपालि त्यस्तो नहोस भन्ने उद्धेश्यलेनै आफुहरुले वर्षको पहिलो चिया नटिपेको बताए I यसका साथै उनीहरुको अन्य मागहरू पनि रहेको बताएका छन्। यसबाहेक चिया श्रमिकहरूले गत वर्षको चार प्रतिशत बोनस पनि आजसम्म नपाएको भन्दै रहल चार प्रतिशत बोनस पनि पहिलो चिया टिपाई अघिनै भुक्तान गरिनु पर्ने माग गरेका छन् I

****** ० ******

**ग्राम सडक योजना**

प्रधानमन्त्री ग्राम सडक योजना अन्तर्गत पोख्रेबोङ देखि नागरी जाने सडकमा केही समयदेखि भइरहेको सिमेन्टको मरमती कार्यदेखि स्थानीय मानिसहरूले असन्तुष्ट प्रकट गरेपछि आज जीटीए सभाका सभाध्यक्ष एंव श्रेत्रीय सभासद अन्जुल चाँैव्हान,विभागीय इन्जिनियर श्याम छेत्री अनि सडक मरमती गरिरहेका क्यामेक कम्पनीका प्लानिङ इन्जिनियरले स्थलगत भ्रमण गरे। यस अवसरमा बोल्दै क्यामेक कम्पनीका प्लानिङ इन्जिनियरले अलकत्रा लगाएर मरमती गर्न पर्ने सडकमा सिमेन्टले मरमती गरेको भूल स्वीकार गर्दै मार्च महिनाभित्रनै अलकत्राले सडक मरमती गर्ने प्रतिबद्धता प्रकट गरेका छन्। यस अवसरमा जीटीए सभाका सभाध्यक्ष एंव श्रेत्रीय सभासद अन्जुल चाँैव्हानले जनताको समस्यालाई उजागर गरिदिएकोमा संचार माध्यमप्रति आभार प्रकट गर्दै क्यामेक कम्पनीले विगतमा पनि क्षेत्रमा सन्तोषजनक कार्य नगरेको बताए। उहाले योजना अनुसार अथवा अलकत्रा लगाएर सडक मरमती नगरे जीटीए मार्फत कार्यवाही गरिने बताउदै यस विषयमा विभागीयरूपमा पत्रचार पनि गरिएको बताउनु भएको छ।

****** ० ******

**"कर्सियङ के-९"**

खरसाङको एक स्वयंसेवी संस्था "कर्सियङ के-९"- ले खरसाङ नगरपालिकामा भुसिया तथा घरका कुकुरहरुको निम्ति पशु बन्ध्याकरण शिविर सम्पन्न गरेको छ।"कर्सियङ के-९"-द्वारा आयोजित यो 47औं शिविर थियो भने यस शिविरमा दार्जीलिङबाट डाक्टर समीर क्षेत्री साथै उनका सहयोगीहरूद्वारा जम्मा २३ वटा कुकुर अनि बिरालोहरूको बन्ध्याकरण गरे।

****** ० ******

**'समयका चित्रहरु ' कविता संग्रहको लोकार्पण**

आज खरसांग ब्लुमफिल्ड लाइब्रेरिमा असित राई स्मृति साहित्यिक मंचको तत्वाधानमा आफ्नो सातौ प्रकरणमा कवि ,गीतकार दिल थापाको 'समयका चित्रहरु ' कविता संग्रहको लोकार्पण गरियो |यस अवसरमा बरिष्ठ साहित्यकार कमल भण्डारी प्रमुख अतिथिको रुपमा उपस्थित थिए भने कार्यक्रमको अध्यक्षता कवि ऋषि राईले गरेका थिए | बिशिस्ठ अतिथिहरुमा गोर्खा जन पुस्तकालयको अध्यक्ष एव नाटककार पूर्ण गुरुङ निरुपम, सचिव बिनोद रसाइली ,नेपाली साहित्य अकादमीका सदस्य साहित्यकार आशा मुखिया लामा आदि उपस्थित थिए |कविता संग्रह 'समयका चित्रहरु'को बिमोचन कार्यक्रम अधक्ष्य ,प्रमुख अतिथि एव बिशिस्ठ अतिथिहरुको बाहुलीबाट गरियो | कविता संग्रहमाथि समीक्षात्मक वार्ता कवि रचना अलंकारले राखेका थिए भने साहित्यिक मंचका सचिव दीपक ठटालले स्वागत सम्बोधन राखेका थिए |

****** ० ******

**भारतीय नेपाली भाषी इसाई- स्रष्टा सङ्गम**

भारतीय नेपाली भाषी इसाई स्रष्टाहरुको साझा मञ्च स्रष्टा सङ्गमको दुई दिवसीय पाँचौं वार्षिक सम्मेलन कालेबुङमा सम्पन्न भएको छ। भारतीय नेपाली भाषी इसाई स्रष्टाहरुलाई लिएर बर्ष २०१८ मा खरसाङको सिटोङमा भएको पहिलो कार्यक्रमबाट शुरु भएको स्रष्टा सङ्गमको पाँचौं वार्षिक सम्मेलन कालेबुङको वर्शिप सेन्टरमा सभापति एल्डर राजु राईको अध्यक्षतामा सम्पन्न भएको छ। यस दुई दिवसीय कार्यक्रम अन्तर्गत पहिलो दिन स्वागत कार्यक्रम साथै नेपाली भाषा कसरी ठिक लेख्ने विषयमा कार्यशाला आयोजना गरिएको थियो। कार्यशालामा शोध वक्ताको रुपमा हिरा छेत्री उपस्थित थिए। त्यसरी नै विभिन्न स्थानहरुबाट आएका स्रष्टाहरुबाट रचना पठनको कार्यक्रम सम्पन्न भएको थियो भने स्रष्टा सङ्गमको वार्षिक आम सभा पनि सम्पन्न भएको थियो।

****** ० ******

**मौसम**

पश्चिम बंगालमा मौसम तिब्र रुपमा परिवर्तित भैरहेको छ। अलीपुर मौसम विभागका अनुसार, सप्ताहको अन्त्य सम्ममा बंगालको धेरै भागहरुमा तिब्र वर्षा सितै हुरी-बतासको संभावना छ। मौसम विशेषज्ञोंहरु अनुसार, हरियाणा अनि नागालैंडमा उठेको चक्रवात अनि पूर्वी भारतमा सक्रिय पश्चिमी विक्षोभको कारण बंगालमा आगामी केहि दिन सम्म खराब मौसम जारी रहनेछ। यस बाहेक आगामी 24 फरवरीको दिन अझ एउटा पश्चिमी विक्षोभ सक्रिय हुने संभावना छ , जसको कारण राज्यको बिभिन्न भागहरुमा

भारी वर्षा हुने सम्भावना छ ।
उत्तर बंगालको बिभिन्न भागहरुमा पनि कुहिरो लागिरहने छ । दार्जिलिंग, जलपाईगडी, उत्तर दिनाजपुर अनि मालदामा बाक्लो कुहिरो लाग्नेछ , जसको कारण दृश्यता प्रभावित हुनेछ । दार्जिलिंगको अग्लो पहाड़ि इलाकाहरुमा सोमवारसम्म हल्का हिमपात हुने सम्भावना छ । भोलि दार्जिलिंग, जलपाईगुड़ी, कालेबुंग , अलीपुरद्वार, कोचबिहारमा हल्का वर्षा हुन सक्छ , जबकि उत्तर अनि दक्षिण दिनाजपुर तथा मालदामा गर्जन साथ भारी वर्षा हुने संभावना छ ।

****** ० ******

****** ० ******